# ललितपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यलय
पुल्चोक, ललितपुर

## करार सेवामा नेपाल भाषा सहजकर्ता/सह-शिक्षक पदपूर्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना !

यस महानगरपालिका अन्तर्गत सञ्चालनमा रहेको सामुदायिक विद्यालयमा स्थानीय विषय नेपाल भाषा अध्यापन गराउन सहजकर्ता/सह-शिक्षक पदहरू करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले देहाय अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशन गरिएको छ । तोकिएको ढाँचा र समय भित्र यस महानगरपालिकाको कार्यालय, शिक्षा महाशाखामा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. **विज्ञापन नं. ०१/०८०/८१ (शिक्षा)**

| पद | तह /श्रेणी | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|
| नेपाल भाषा सहज कर्ता/सह-शिक्षक | प्राथमिक तृतीय श्रेणी करार | ४० | १०००/- | |

२. **उमेरको हदः** दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । तर महिलाको हकमा ४० वर्ष ननाघेको । साथै ललितपुर महानगरपालिका भित्रका सामुदायिक विद्यालयमा विगत १ बर्ष देखि स्थानीय विषय नेपाल भाषा शिक्षण निरन्तर गरिरहेको व्यक्तिको हकमा पहिलो पटकलाई उमेरको हद लाग्ने छैन ।

३. **करार अवधिः** २०८१ असार मसान्त सम्म रहनेछ । विद्यालयको आवश्यकता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा म्याद थप हुन सक्ने छ ।

४. **न्यूनतम योग्यता**

**शैक्षिक योग्यता**: कम्तीमा कक्षा १२ वा सो सरह उत्तीर्ण भएको ।

५. **सेवा सुविधाः** प्राथमिक तह तृतीय श्रेणी (करार) सरह प्रदान गरिनेछ ।

६. **दरखास्त फाराम साथ बुझाउनु पर्ने कागजातहरू**
- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी
- नेपाली नागरिकताको प्रतिलिपी
- आफुले प्राप्त गरेका अन्य शैक्षिक प्रमाण पत्रको प्रतिलिपी,
- नेपाल भाषा बोल्न, लेख्न र प्रशिक्षण गर्न योग्य भनी दिएको सिफारिस ।

माथि उल्लेखित कागजातहरूको प्रतिलिपि उम्मेदवार स्वयम् हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

७. नेपाल भाषा विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका महानगरबासीलाई ग्राहयता दिइनेछ ।

८. **दरखास्त दस्तुरः** यस महानगरपालिकाको राजश्व महाशाखामा जम्मा गरेको सक्कलै भौंचर/नगदी रसिद ।

९. दरखास्त फाराम तथा पाठ्यक्रम पाईने र बुझाउने स्थानः ललितपुर महानगरपालिकाको वेवसाइट www.lmc.gov.np बाट Download गरी आवश्यक विवरणहरू भरी यस महानगरपालिकाको शिक्षा महाशाखामा कार्यालय समय भित्र बुझाउन सकिनेछ ।

१०. **छनौंटको किसिमः**
- लिखित परीक्षा
- मौखिक परीक्षा ( लिखित परीक्षामा सफल उम्मेदवारलाई मात्र समावेश गरिनेछ )

११. **पदमा रही गर्नु पर्ने कामः** सामुदायिक विद्यालयको स्थानीय विषय (नेपाल भाषा) सहजकर्ताको लागि तयार गरिएको करार सम्झौतामा उल्लेखित कार्यहरू ।

१२. **दरखास्त दिने मितिः**- २०८० माघ २ गते देखि २०८० माघ १६ गते सम्म । दरखास्त  दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपश्चात कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त फारम बुझाउन सकिनेछ ।

१३. न्यूनतम शैक्षिक योग्यता पुरा नभएका र रीतपूर्वक नभएका दरखास्त फाराम उपर कुनै कारवाही गरिनेछैन ।

१४. यस सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयको शिक्षा महाशाखामा सम्पर्क गर्न सकिनेछ ।

१५. परीक्षा सम्बन्धी थप जानकारी मिति २०८० माघ २१ गते जानकारी गराईनेछ ।

**सदस्य सचिव**
**छनौट समिति**